# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण
# २०८०/०८१



**सुरुङ्गा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सप्तरी**

**मधेश प्रदेश**

| | |
|---|---|
| **दस्तावेजको नाम** | सुरुङ्गा नगरपालिका, सप्तरीको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण |
| **परामर्शदाता** | समग्र विकास तथा परामर्श सेवा केन्द्र लहान, सिरहा |
| **साल** | जेष्ठ, २०८२ |

## नगर प्रमुखको भनाइ

लैंगिक समानता तथा सामाजिक समावेशीकरण आजको आवश्यकता मात्र नभई समावेशी, न्यायसंगत र दिगो विकासको आधारशिला हो। हाम्रो नगरपालिकाले सबै वर्ग, जाति, लिङ्ग, भूगोल र अवस्था अनुसारका नागरिकहरूको समान सहभागिता, पहुँच र अधिकार सुनिश्चित गर्ने उद्देश्यले विभिन्न नीतिगत तथा कार्यक्रमगत प्रयासहरू गर्दै आएको छ।

यस सन्दर्भमा, गरिएको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले नगरपालिकाभित्र रहेका कार्यक्रम, सेवा र संरचनाहरूमा लैंगिक तथा समावेशी दृष्टिकोणको अवस्थाको समीक्षा गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ। प्रतिवेदनमा प्रस्तुत गरिएको मूल्याङ्कन र सुधारका सिफारिसहरूले आगामी दिनमा थप प्रभावकारी योजना निर्माण र कार्यान्वयन गर्न सहयोग पुग्ने विश्वास लिएको छु।

म यो अवसरमा यस परीक्षणमा प्राविधिक सहयोग प्रदान गर्ने समग्र विकास तथा परामर्श सेवा केन्द्रका विज्ञ द्वय श्री देवराज पोखरेल र श्री दीपक कुमार श्रेष्ठ लगायत सम्पूर्ण टिमप्रति आभार प्रकट गर्न चाहन्छु। यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई यस कार्य सम्पन्न गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु।

साथै, यस नगरपालिकाले आगामी दिनमा प्रतिवेदनमा उल्लिखित सिफारिसहरू कार्यान्वयन गर्दै लैंगिक समानता र सामाजिक समावेशीकरणलाई अझ प्रभावकारी रूपमा संस्थागत गर्न प्रतिबद्ध रहदै आबश्यक समन्वय र सहकार्यका लागी सबैसंग आग्रह समेत गर्दछु।

धन्यवाद।

................
गीता चौधरी
नगर प्रमुख

## नगर उपप्रमुखको मन्तव्य

लैंगिक समानता तथा सामाजिक समावेशीकरण समग्र समावेशी र दिगो विकासको आधारभूत पक्षको साथै स्थानीय सरोकारको एक महत्वपूर्ण विषय हो । विशेषतः महिलाहरू, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेसी, मुश्लीम, सीमान्तकृत तथा पिछडिएको समुदायहरूका अधिकार र सहभागिता सुनिश्चित नगरी समाजमा समता र न्याय सम्भव छैन ।

नगरपालिका उपप्रमुखको हैसियतले यस परीक्षण कार्यमा संलग्न हुन पाउँदा मलाई खुशी लागेको छ । यस परीक्षणले नगरपालिकाले सञ्चालन गरेका योजना, नीति तथा कार्यक्रमहरूमा लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्था बुझ्न महत्वपूर्ण आधार तयार गरेको छ । प्रतिवेदनबाट प्राप्त नतिजाहरूले हामीलाई अझ समावेशी, उत्तरदायी र परिणाममुखी सेवा प्रवाहमा अग्रसर गराउनेछन् भन्नेमा म विश्वस्त छु ।

मैले महिलाको नेतृत्व, बालमैत्री संरचना, अपाङ्गता समावेशी पूर्वाधार, तथा समावेशी बजेटिङ्ग लगायतका क्षेत्रमा गरिएका प्रयासहरूलाई अझ सशक्त बनाउँदै लैजान आग्रह गर्न चाहन्छु । प्रतिवेदनमा देखिएका कमजोरीहरूलाई सुधार गर्दै आगामी नीति, योजना तथा कार्यक्रमहरूमा समावेशीकरणका मापदण्डहरू अझ प्रभावकारी रूपमा लागू गर्न म स्वयं प्रतिबद्ध छु ।

यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सबैप्रति आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

................

रुद्र बहादुर कार्की
नगर उपप्रमुख

## प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

स्थानीय सरकारको सेवा प्रवाह, योजना निर्माण तथा कार्यान्वयन प्रक्रियामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्नु आजको आवश्यकता मात्र नभई कानुनी र नैतिक जिम्मेवारी पनि हो । स्थानीय तहका नीति, कार्यक्रम तथा बजेट निर्माणमा समावेशीकरणका सिद्धान्तहरूलाई प्रभावकारी रूपमा समावेश गरी समावेशी विकासको आधारशिला निर्माण गर्नु हाम्रो प्रमुख उद्देश्य हो ।

यसै सन्दर्भमा, यस नगरपालिकामा पहिलोपटक गरिएको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले यस नगरपालिकाले अहिलेसम्म गरेका प्रयासहरूको मूल्याङ्कन गर्ने अवसर प्रदान गरेको छ । यस परीक्षणबाट प्राप्त तथ्यांक, विश्लेषण र सुझावहरूले नगरपालिका प्रशासनलाई अझ उत्तरदायी, समावेशी र संवेदनशील सेवा प्रवाहतर्फ अग्रसर गराउने छ भन्नेमा म विश्वस्त छु ।

यस परीक्षण केवल मूल्याङ्कनको प्रक्रिया मात्र नभई समावेशी सुशासनको दिशातर्फ लिईएको ठोस कदम पनि हो । यस प्रक्रियामा संलग्न सबै कर्मचारी, जनप्रतिनिधि, सरोकारवाला र प्राविधिक टोलिप्रति धन्यवाद ज्ञापन गर्दछु ।

यस नगरपालिका प्रशासन आगामी दिनहरूमा यस प्रतिवेदनमा उल्लेखित सिफारिसहरूको कार्यान्वयनमा विशेष प्राथमिकता दिँदै समावेशी शासन प्रणालीलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्दछ ।

धन्यवाद ।

................

गोरख नाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


परिचय ........ १

१.पृष्ठभूमी ........ १

२.अध्ययनको महत्व ........ ३

३. उद्देश्य ........ ३

४.लैससास परीक्षणले समेटेका क्षेत्रहरु ........ ४

५.लैससास परीक्षणको विधि र तरीका ........ ४

६. लैससास परीक्षणका सहभागी ........ ६

खण्ड : २ ........ ७

तथ्यांक प्रस्तुतीकण ........ ७

७. तथ्यांक प्रस्तुतीकरण र व्याख्या ........ ७

खण्ड : ३ ........ ११

विश्लेषण ........ ११

८.लैससास परीक्षणको विश्लेषणका औजारहरु ........ ११

९.तथ्यांङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण ........ ११

१०. मुख्य उपलब्धी ........ ११

  १०.१ परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेको अंकहरुको लेखाजोखा ........ १२

  १०.२ लैससास परीक्षणको नतिजाको माकुरे जालो ........ १४

  १०.३ कर्मचारीहरुको समावेशिताको अवस्था ........ १५

११. सुरुङ्गा नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु . १६

१२. लैससासको कार्ययोजना ........ २४

१३. निष्कर्ष ........ ३३

१४. सुझाव ........ ३३
अनुसूचीहरु ........ ३५
अनुसूची : १ ........ ३५
अंकतालिका ........ ३५
अनुसूची : २ ........ ३६
लैससास परीक्षणमा सहभागीहरुको विवरण ........ ३६
अनुसूची : ३ ........ ३८
सूचकगत प्राप्तांक विवरण ........ ३८
अनुसूची : ४ ........ ६१
नगरपालिकामा कार्यरत कर्मचारीहरुको नामावली ........ ६१
अनुसूची : ५ ........ ६३
लैससास परीक्षणका झलकहरु ........ ६३

**खण्ड : एक**

## परिचय

### १.पृष्ठभूमी

वर्तमान राज्य पुनसंरचना अनुसार नेपालमा ७ वटा प्रदेश, ७७ जिल्ला र ७५३ वटा स्थानीय तहहरू रहेका छन् । स्थानीय तहमध्ये महानगरपालिका ६, उप महानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४६० कायम गरिएको छ । महानगरपालिका ६ वटामा १७४, उप महानगरपालिका ११ वटामा २३४, नगरपालिका २७६ वटामा ३,११९ र गाउँपालिका ४६० वटामा ३,२१६ वडाहरू गरी जम्मा ६,७४३ वडाहरू रहेका छन् । नेपालको ७ प्रदेश मध्ये मधेश प्रदेशमा जम्मा ८ वटा जिल्लाहरू छन् । यस प्रदेशमा कूल महानगरपालिका - १, उपमहानगरपालिका -३ नगरपालिका - ७३ र गाउँपालिका - ५९ सहित कूल १३६ वटा स्थानीय सरकारहरू रहेका छन् भने यसमा कूल १,२७१ वडाहरू छन् । मधेश प्रदेशका जिल्लाहरू मध्ये सप्तरी जिल्ला पनि एक हो र यस जिल्लामा १८ वटा स्थानीय सरकारहरू रहेका छन् जसमध्ये ९-९ वटा नगरपालिका र गाउँपालिकाहरू रहेको र कूल १६४ वडाहरू छन् ।

सप्तरी जिल्लाको १८ वटा स्थानीय सरकारमध्ये सुरूङ्गा नगरपालिका पनि एक हो । कूल ११ वटा वडाहरू रहेको सुरूङ्गा नगरपालिकाको भुआकृतिक स्वरुप करिव सबै जसो समतल रहेको छ भने केही भाग पहाडी क्षेत्रले समेत ओगटेको छ । यस नगरपालिका क्षेत्रभित्र अवस्थित ऐतिहासिक सुरुङ्गा पहाडको नाममा यो नगरपालिकाको नामाकरण भएको हो । कुल १०७.०४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको उत्तर तर्फ त्रियुगा नगरपालिका, पूर्वतर्फ खडक नगरपालिका, पश्चिम तर्फ लहान नगरपालिका र दक्षिण तर्फ बोदेबर्साइन नगरपालिका र बलान बिहुल गाउँपालिका रहेका छन् ।

राष्ट्रि जनगणना २०७८ को तथ्याङ्क अनुसार यस नगरपालिकाको कूल महिला संख्या २५,७४५ र कूल पुरुष संख्या २३,७१५ गरी जम्मा जनसंख्या ४९,४६० रहेको छ । त्यसैगरि कूल परिवार संख्या १०,४८७ र परिवारको औसत आकार ४.७२ व्यक्तिहरू प्रति घरपरिवार रहेको छ । साक्षरता दर पुरुष ७८.१ र महिला ५८.३ कूल साक्षरता दर ६७.७, लैङ्गिक अनुपात ९२.११, अपाङ्गता भएको पुरुष अपाङ्गता जनसंख्या २.३, महिला अपाङ्गता जनसंख्या १.५ कूल अपाङ्गता जनसंख्या प्रतिशत १.९ रहेको छ । यस नगरपालिकाको शैक्षिक परिदृश्य, २०७८ अनुसार शैक्षिक संस्थाहरू सरकारी प्राथमिक विद्यालय -१७, आधारभूत (१-८) -६, निमावि-९, मावि (९-१०)-६, मावि (९-१२)-६ र उच्च माध्यमिक -४ सहित जम्मा ६८ र संस्थागत विद्यालयहरू -३४ सहित कूल १०२ वटा शैक्षिक संस्थाहरू रहेका छन् ।

बहुभाषिक, बहुजातीय तथा भौगोलिक दृष्टिकोणले फरक यस नगरपालिकामा खासगरी थारू, तेली, यादव, मुसलमान, बनिया, कलवार, पासवान, चमार, मुसहर, मलाह, ब्राहम्ण, क्षेत्री, मगर, राई, कोईरी, खत्वे, धानुक, दनुवार, सुडी, कामी आदि जातिको बसोबास छ ।

देशमा भएका विभिन्न आन्दोलनको सफलताबाट संविधानसभा मार्फत नेपालमा पुनर्संरचना सहितको नयाँ संविधान जारी भयो । उक्त संविधानमा महिला, दलित, जनजाति, उत्पीडित वर्ग, विपन्न, सिमान्तकृत, अपांग, अल्पसंख्यक लगायत समाजमा पछाडी परेका वर्ग, जात, भौगोलिक विकटतामा बसोबास गर्ने सबै पक्षका अधिकारलाई समेटेको छ । नेपालको संविधान २०७२ को प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला तथा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-

बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकहरूले राज्यको हरेक निकायमा आफ्नो अधिकारको उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ ।

राष्ट्रिय योजना आयोगको सोह्रो योजनाले संविधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा ब्यक्त प्रतिबद्धताहरूलाई समावेश गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐनमा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) लाई जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र अशक्तहरू सहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र ब्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना ब्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना ब्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ । त्यस्तै उक्त ऐनको दफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिँदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ । त्यस्तै वडाभित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औंल्याईएको छ । नेपाल सरकारले मन्त्रालय तहमा पनि लैङ्गित तथा सामाजिक समावेशीकरण नीतिहरुलाई कार्यान्वयन तहमा ल्याउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका "लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५", स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६", महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको "राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४", शहरी विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०" सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८" जस्ता लैससास नीति तथा मार्गदर्शन र दिग्दर्शन तयार गरिएको छ ।

स्थानीय तहले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने उद्देश्यले स्थानीय तहले सञ्चालन गर्ने योजना तथा कार्यक्रम, नीति तथा कानुन लगायत सेवा प्रवाहमा समेत समावेशी बनाउने उद्देश्यले प्रत्येक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नुपर्दछ । स्थानीय तहले लैससास परीक्षण कार्य हरेक आर्थिक वर्षमा गर्नुपर्नेछ । लैससास परीक्षण गर्दा गत आवमा सम्पन्न गरेको कार्यक्रमको परीक्षण चालु आ.व.को पौष मसान्तभित्रमा सम्पन्न गरी प्रतिवेदन तयार गर्नु पर्दछ । लैससास परीक्षण प्रतिवेदनले औंल्याएको विषयवस्तु उपर सम्बन्धित स्थानीय तहमा सम्बन्धित सरोकारवाहरुवीच छलफल गरी प्राप्त भएका सुझावहरुलाई आगामी योजना तथा कार्यक्रम मार्फत सुझावहरुलाई आगामी योजना तथा कार्यक्रम मार्फत सुधार गर्न पृष्ठपोषणको रुपमा ग्रहण गर्नु पर्दछ । यसै विषयलाई मध्यनजर गरि सुरुङ्गा नगरपालिकाले लैससास परीक्षण गरि यो प्रतिवेदन तयार गरेको छ ।

## २.अध्ययनको महत्व

समावेशी विकास आजको आवश्यकता र अनिवार्य शर्त हो । लैससास परीक्षणबाट नगरपालिकाको नीति, योजना, कार्यक्रमहरु लैससास आधारमा सम्वेदनशील छ छैन परीक्षण गरिने भएकोले परीक्षणबाट नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान भई सोहि अनुसार योजना तथा बजेट तर्जुमाका लागि सहयोग गर्दछ । यस परीक्षणले नेपाल सरकारले सम्झौता गरेका विभिन्न अभिसन्धिहरु, तयार गरेका नीति तथा कार्यक्रहरु, दिगो विकास लक्ष्यका लक्ष्यहरु प्राप्तिमा सहयोग गर्नुका साथै परीक्षणपछि सहभागितामूलक प्रक्रियाले महिला, आदिवासी जनजाति, अपांग तथा अन्य लक्षित वर्गको सशक्तिकरण गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यलाई प्रवर्द्धन गर्न सहयोग गर्दछ । यस कार्यले विकास प्रकृयामा काम गर्दा, विकास कार्यक्रम तय गर्दा, साधन र स्रोतको बाँडफाँड र परिचालनलाई लैङ्गिक उत्तरदायी र सामाजिक समावेशी वनाउन र लैङ्गिक तथा सामाजिक समावेशी रुपमा संस्थालाई सन्तुलित वनाउन सहयोग गर्दछ ।

यस लैससास परीक्षण कार्यले महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडी पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रवृतिमा सुधार गरी राज्यका संरचनाहरूमा सकारात्मक विभेदका नीतिहरूलाई प्रभावकारी रुपमा लागू गर्नका लागि कार्यान्वयन पक्षमा गर्नुपर्ने क्षेत्रहरु पहिचान गर्न सुरुङ्गा नगरपालिकालाई सहयोग गर्नेछ ।

## ३. उद्देश्य

लैससास परीक्षणको मुख्य उद्देश्यको रुपमा नगरपालिकाले गर्ने सम्पूर्ण क्रियाकलापहरु र विकास योजना तथा कार्यक्रमलाई लैससासमय बनाउनु र नगरपालिकाले तयार गरेका योजना, कार्यक्रम र क्रियाकलापहरुमा स्रोतको सुनिश्चिता र उपलब्धीको समतामूलक वितरण गर्नु रहेको छ । साथै लैससास परीक्षणको निर्दिष्ट उद्देश्यहरु निम्न रहेका छन् :

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, लक्षित वर्ग र सिमान्तकृत समूहहरुलाई समावेश गरी लैङ्गिक समानता र सबै जातिको अर्थपूर्ण सहभागिता अभिवृद्धि गराउने ।
- लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजाने ।
- महिला, लक्षित वर्ग र सिमान्तकृत समूहहरुलाई समावेश गरि ती समूहहरुको क्षमता अभिवृद्धि गर्ने ।
- लक्षित वर्गलाई स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।
- स्थानीय तहको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन र मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।
- लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावि योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

## ४.लैससास परीक्षणले समेटेका क्षेत्रहरु

लैससास परीक्षणले मुख्यतयः ५ वटा प्रमुख विषयलाई समेटेको छ। उक्त पाँचवटा विषयवस्तुको २२ वटा उपशीर्षकहरु रहेका छन् । उपशीर्षकहरुका १०० वटा सूचकहरु रहेका छन् । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| मूल विषय (सूचक) | सहायक विषय (उपसूचकहरु) | सूचक संख्या |
|---|---|---|
| नीति, कानुन, योजना | नीति र कानूनमा समावेशिता/सहभागिता | ८ वटा |
| | योजना तर्जुमा तथा कार्यन्वयन | ८ वटा |
| | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ वटा |
| संस्थागत व्यवस्था | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ वटा |
| | कार्यप्रणाली समावेशी | ४ वटा |
| | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ वटा |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ वटा |
| | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ वटा |
| मानव संसाधन तथा क्षमता विकास | मानव संसाधन तथा क्षमता विकास | ८ वटा |
| | अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ वटा |
| | कानुनी साक्षरता | ४ वटा |
| | विपद् व्यवस्थापनमा समावेशिता | ४ वटा |
| सेवा प्रवाह | पूर्वाधार विकास | ४ वटा |
| | प्रजनन् स्वास्थ्य | ४ वटा |
| | शिक्षा कार्यक्रम | ४ वटा |
| | खानेपानी तथा सरसफाई | ४ वटा |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ वटा |
| सुशासन र उत्तरदायित्व | सुशासन | ४ वटा |
| | उत्तरदायित्व र जवाफदेहिता | ४ वटा |
| | सुचना तथा संचार | ४ वटा |
| | अनुगमन तथा मूल्याङ्कन | ४ वटा |
| | समन्वय र सम्बन्ध विस्तार | ४ वटा |

## ५.लैससास परीक्षणको विधि र तरीका

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ मा उल्लेख गरिए अनुसार लैङ्गिक परीक्षणका विधि र तरीकाहरु अपनाईएको थियो । यि विधिहरुमा सहभागितात्मक प्रक्रियालाई बढी जोड दिईएको थियो । सकेसम्म सबै पक्षहरुसँग छलफल गरी लैससास परीक्षण गर्दा वास्तविकता चित्रण होस् भन्ने कुरालाई विशेष जोड दिईएको थियो । लैससास परीक्षण गर्दा निम्न अनुसारको विधिहरु अपनाईएको थियो :

### अभिलेख अध्ययन

सुरुङ्गा नगरपालिकाले तय गरेका विभिन्न ऐन, कार्यविधि, नीति, निर्देशिका, दिग्दर्शन, वार्षिक योजना कार्यक्रम बजेटमा लैङ्गिक समानता तथा समावेशीकरणका विषयहरु के कति उल्लेख गरिएको छ, त्यसको कार्यान्वयन पक्ष, उपलब्धीको मापन, अनुगमन प्रक्रिया र पृष्ठपोषणको कार्यान्वयन पक्षलाई समेत अध्ययन गर्दा समेटिएको छ। विशेष गरेर गत आर्थिक वर्षको बजेट नीति, कार्यक्रम र बजेट विनियोजनको अवस्था लगायत अन्य सम्वन्धित कानुनी दस्तावेजहरुको अध्ययन गरिएको थियो । यस नगरपालिकाले बालबालिकाको स्थितिपत्र, २०८० तयार गरेको छ। यस नगरपालिकाले बालविवाहमुक्त स्थानीय सरकार घोषणा गरी उदाहरणीय काम गरेको छ।

### मुख्य जानकार व्यक्तिसंग अन्तरवार्ता

तयार गरिएको चेकलिष्टको आधारमा नगरपालिकामा रहेका महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, कानुन शाखा, स्वास्थ्य शाखा, रोजगार शाखा, शिक्षा शाखाहरुसंग विस्तृत छलफल गरिएको थियो । छलफलको क्रममा आवश्यकता अनुसार प्रमाणहरुको अध्ययन गर्ने कार्य पनि भएको थियो ।

### अवलोकन

यस विधिमा विशेषगरी भौतिक पूर्वाधारहरु अपांगमैत्री, बालमैत्री भए नभएको, सार्वजनिक भवनहरुमा विशेष गरि स्वास्थ्य निकाय, नगरपालिकाको आफ्नै भवन र वडाका भवनहरुमा स्तनपान कक्षहरु र शौचालयहरुको अवलोकन गरिएको थियो। मार्गनिर्देशनमा व्यवस्था गरिए अनुसार नै लैससास परीक्षणका तरिकाहरु अपनाईएको थियो। जुन निम्न अनुसार रहको थियो:

### तयारी चरण

नगरपालिकामा समन्वय गरि लैससास परीक्षण पूर्व यस अगाडि बनेको लैससास कार्यान्वयन समितिका पदाधिकारीहरुसंग छलफल गरिएको थियो । नगरपालिकाका प्रमुखको संयोजकत्वमा बसेको बैठकले कार्यान्वयन समितिले गर्ने कार्यहरुका बारेमा छलफल गर्नुका साथै कार्यदल समेत गठन गरेको थियो । कार्यदलले लैससासको परीक्षणको सम्पूर्ण व्यवस्थापन पक्षको जिम्मेवारी निर्वाह गरेको थियो। कार्यान्वयन समिति र कार्यदलको विवरण अनुसूची ३ मा समावेश गरिएको छ।

### कार्यान्वयन चरण

नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, नि.प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरु लगायत विभिन्न शाखा प्रमुखहरु समेतको सहभागितामा कार्यशाला सञ्चालन गरी सबैको सहभागिता र खुला छलफलबाट परीक्षणको कार्य र तय गरिएका सूचकहरुमा अंक प्रदान गरी सम्पन्न गरिएको थियो। साथै नगरपालिकाको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिको विश्लेषण गरि आगामी बर्षका लागि कार्ययोजना समेत तयार गरिएको थियो ।

### प्रतिवेदन चरण

यस चरणमा सूचकमा प्राप्त भएका अंक र समूह छलफलबाट आएका विषयवस्तु र नगरपालिकाको पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुखहरुबाट प्राप्त सुझावहरुलाई समेत समेटेर प्रतिवेदन तयारी गर्ने कार्य सम्पन्न गरिएको थियो ।

## ६. लैससास परीक्षणका सहभागी

लैससास परीक्षणमा जनप्रतिनिधि र कर्मचारीहरु गरि कुल ३० जनाको लक्ष रहेकोमा ४२ जनाको सहभागिता रहेको थियो । नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्यहरु, विषयगत शाखाका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सहभागीहरुको विवरण अनुसूची २ मा समावेश गरिएको छ ।



## खण्ड : २

## तथ्यांक प्रस्तुतीकण

लैससास परीक्षणबाट प्राप्त तथ्यांकहरुलाई यस खण्डमा प्रस्तुत गरिएको छ । यस खण्डमा लैससास परीक्षणका पाँच वटा मुख्य क्षेत्र र त्यसको २२ वटा उपशीर्षकहरुमा यस नगरपालिकाले प्राप्त गरेको अंकभार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ। यसरी प्रस्तुती गर्दा २२ वटा उपशीर्षकमा रहेका सूचकहरुको समग्रतालाई लिएको छ ।

## ७. तथ्यांक प्रस्तुतीकरण र व्याख्या

### *नीति, कानुन र योजना*

नीति, कानुन, योजना मुख्य शीर्षकमा ३ वटा उपशीर्षकहरु रहेका छन्। पहिलो उपशीर्षकमा रहेको नीति र कानुनमा समावेशिता र सहभागितामा कूल ८ अंक रहेमा ६ अंक प्राप्त गरेको छ, त्यस्तै योजना तर्जुमा तथा कार्यान्वयनमा कुल ८ अंक रहेकोमा ६.५ अंक प्राप्त गरेको छ। बजेट तर्जुमा तथा कार्यान्वयनमा कुल ४ अंक रहेकोमा २.५ अंक प्राप्त गरेको छ। मुख्य शीर्षकमा रहेका नीति, कानुन र योजनामा २० वटा सुचकमा १० वटा सूचकले शत प्रतिशत अंक भार प्राप्त गरेको छ। बाँकी १० वटा सुचकले पचास प्रतिशत अंक प्राप्त गरेको छ। कुल २० अंकभारमा १५ अंक प्राप्त गरेको छ। जुन प्रतिशतको आधारमा ७५ प्रतिशत हो ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक | प्रतिशत |
|---|---|---|---|---|
| **नीति, कानुन र योजना** | १. नीति र कानुनमा समावेशिता, सहभागिता | ८ | ६ | ७५ |
| | २. योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ६.५ | ८१.२५ |
| | ३. बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५ | ६२.५ |
| | **जम्मा** | **२०** | **१५** | **७५** |

### *संस्थागत व्यवस्थापन*

संस्थागत व्यवस्थापनमा कुल ५ वटा उपशीर्षकहरु रहेका छन् र प्रत्येकको अंकभार ४ रहेको छ। यसमा उपशीर्षकको रुपमा रहेको कर्मचारी पदाधिकारी प्रतिनिधित्वमा ३ अंक प्राप्त गरेको छ भने कार्य प्रणाली समावेशीमा २.५ अंक, समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्वमा ३.५, वित्त व्यवस्थापनमा ३, तथ्यांक संकलन तथा व्यवस्थापनमा ३.५ अंक गरी कूल २० अंकभारमा १५.५ अंक प्राप्त गरेको छ। यस शीर्षक अन्तर्गत रहेको कूल २० वटा सुचकमा ११ वटा सूचकले शतप्रतिशत अंक प्राप्त गरेको छ भने ९ वटा सुचक ५० प्रतिशत अंक प्राप्त गरेको छ। यसरी हेर्दा यस शीर्षक कुल ७७.५ प्रतिशत अंक प्राप्त गरेको छ जुन राम्रो हो ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक | प्रतिशत |
|---|---|---|---|---|
| **संस्थागत व्यवस्था** | १. कर्मचारी र पदाधिकारी प्रतिनिधित्व | ४ | ३ | ७५ |
| | २. कार्यप्रणाली समावेशी | ४ | २.५ | ६२.५ |
| | ३. समिति, उपसमिति र कार्यदल प्रतिनिधित्व | ४ | ३.५ | ८७.५ |
| | ४. वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | ३ | ७५ |
| | ५.तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | ३.५ | ८७.५ |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **२०** | **१५.५** | **७७.५** |

### *मानव संसाधन तथा क्षमता विकास*

मानव संसाधन तथा क्षमता विकासमा ४ वटा उपशीर्षकहरु रहेका छन् । पहिलो उपशीर्षकमा ८ अंकको अंकभारमा ५.५ अंक प्राप्त गरेको छ भने यसैगरी अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना ४ अंकमा ३.५, कानुनी साक्षरता ४ अंकमा २.५, विपद व्यवस्थापन ४ अंकमा ३ प्राप्त गरेको छ । कुल २० अंक भारमा १४.५ अंक प्राप्त गरेको छ । कुल २० वटा सुचक रहेकोमा ९ वटा सुचकले शतप्रतिशत अंक प्राप्त गरेको छ भने ११ वटाले ५० प्रतिशत र २ वटाले कुनै पनि अंक प्राप्त गरेको छैन । प्रतिशतको हिसाबमा हेर्दा मानव संसाधन तथा क्षमता विकासमा सुरुङ्गा नगरपालिकाले ७२.५ प्रतिशत अंक प्राप्त गरेको छ जुन राम्रो रहेको छ ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक | प्रतिशत |
|---|---|---|---|---|
| **मानव संसाधन तथा क्षमता विकास** | १. मानव संसाधन तथा क्षमता विकास | ८ | ५.५ | ६८.७५ |
| | २. अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | ३.५ | ८७.५ |
| | ३. कानुनी साक्षरता | ४ | २.५ | ६२.५ |
| | ४. विपद् व्यवस्थापन | ४ | ३ | ७५ |
| | **जम्मा** | **२०** | **१४.५** | **७२.५** |

### *सेवा प्रवाह*

सेवा प्रवाह मुख्य शीर्षकका ५ वटा उपशीर्षकहरु रहेका छन् । प्रत्येक उपशीर्षकको अंकभार ४ रहेको छ । जसमध्ये पूर्वाधार विकासमा ४ मा २.५, प्रजनन् स्वास्थ्यमा ४ मा ३, शिक्षा कार्यक्रममा ४ मा ४, खानेपानी तथा सरसफाइमा ४ मा २.५ र स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापनमा ४ मा २ अंक प्राप्त गरेको छ । कुल २० अंकमा १४ अंक प्राप्त गरेको छ । कुल २० सुचकमा ९ वटा सुचकले शतप्रतिशत अंक प्राप्त गरेको छ भने १० वटा सुचकले पचास प्रतिशत अंक प्राप्त गरेको छ । एउटा सुचकले कुनै पनि अंक प्राप्त गरेको छैन । तापनि यस शीर्षकमा ७० प्रतिशत अंक प्राप्त गरेको छ । जुन लैससासको दृष्टिले उच्च नै मानिन्छ ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक | प्रतिशत |
|---|---|---|---|---|
| **सेवा प्रवाह** | १. पूर्वाधार विकास | ४ | २.५ | ६२.५ |
| | २. प्रजनन् स्वास्थ्य | ४ | ३ | ७५ |
| | ३. शिक्षा कार्यक्रम | ४ | ४ | १०० |
| | ४. खानेपानी तथा सरसफाइ | ४ | २.५ | ६२.५ |
| | ५.स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | २ | ५० |
| | **जम्मा** | **२०** | **१४** | **७०** |

### *सुशासन तथा उत्तरदायित्व*

सुशासन तथा उत्तरदायित्व मूल शीर्षकमा ५ वटा उपशीर्षकहरु रहेका छन् । प्रत्येक उपशीर्षकको अंकभार ४ रहेको छ । यस अन्तर्गत सुशासनमा प्राप्त अंकभार २, उत्तरदायित्व र जवाफदेहितामा ३, सूचना तथा सञ्चारमा ३, अनुगमन तथा मूल्यांकनमा ३ र समन्वय र सम्बन्ध विस्तारमा ३ गरि कुल २० अंकभारमा

१४ अंक प्राप्त गरेको छ। कुल २० वटा सुचकहरुमा ८ वटा सुचकले शतप्रतिशत अंक प्राप्त गरेको छ भने १२ वटा सुचकले पचास प्रतिशत अंक प्राप्त गरेको छ। यस शीर्षकमा ७० प्रतिशत अंक प्राप्त गरेकोले राम्रै अंक प्राप्त गरेको देखिन्छ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णांक | प्राप्त अंक | प्रतिशत |
|---|---|---|---|---|
| **सेवा प्रवाह** | १. सुशासन | ४ | २ | ५० |
| | २. उत्तरदायित्व र जवाफदेहिता | ४ | ३ | ७५ |
| | ३. सुचना तथा सञ्चार | ४ | ३ | ७५ |
| | ४. अनुगमन तथा मूल्यांकन | ४ | ३ | ७५ |
| | ५. समन्वय र सम्बन्ध विस्तार | ४ | ३ | ७५ |
| | **जम्मा** | **२०** | **१४** | **७०** |

पाँचवटा मुख्य शीर्षकहरु मध्ये तुलनात्मक रुपमा सबै भन्दा बढी संस्थागत व्यवस्थापनमा नगरपालिका अगाडी छ भने अन्यमा तुलनात्मक केही कम अंक प्राप्त गरेको देखिन्छ। जसलाई तलको स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ।




२२ वटा उपशीर्षकमध्ये एउटा (शिक्षा कार्यक्रम) उपशीर्षकमा शतप्रतिशत अंक प्राप्त गरेको छ। मुख्य सूचकका २२ वटा उपशीर्षकहरुको विस्तृत विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

## उपसूचकहरुको स्तम्भ चित्र



# खण्ड : ३

# विश्लेषण

## ८.लैससास परीक्षणको विश्लेषणका औजारहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि दिग्दर्शमा उल्लेख गरिएका प्रमुख ५ वटा मूल विषयवस्तु र ती विषय वस्तुका पनि थप उपविषय वस्तुका १०० सूचकहरुमा सहभागीहरुले उपलब्ध गराएको अंकका आधारमा प्राप्त गरेको अंकलाई विश्लेषण गरिएको थियो । ती सूचकहरुमा अंक प्रदान गर्दा सहभागीहरुले कस्तो अवस्थामा १ अंक दिने, कस्तो अवस्थामा ०.५ अंक दिने र कस्तो अवस्थामा ० अंक दिने भन्ने विषयमा सहभागीहरुलाई स्पष्ट हुने गरि सहजीकरण गरियो । लैङ्गिक परीक्षण पश्चात नतिजा मापन गर्नका लागि माकुरे जालो र स्तम्भ चित्र औजारहरु प्रयोग गरिएको छ । नगरपालिकामा लैङ्गिक तथा सामाजिक समाबेशीकरणको सवल पक्षहरु, कमजोर पक्षहरु, नगरपालिकामा लैससास कार्यको लागि आउन सक्ने अवसरहरु र यसमा आइपर्ने सक्ने चुनौतीहरुको वारेमा ५ वटा मुख्य शीर्षकलाई आधार बनाई समूह विभाजन गरि विश्लेषण समेत गराईएको थियो । विश्लेषण गर्दा SWOT Analysis विधि प्रयोग गरिएको थियो ।

## ९.तथ्यांङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण

यस सुरुङ्गा नगरपालिकाले अघिल्लो बर्षहरुमा लैससास परीक्षण नगरेकोले तुलनात्मक विश्लेषण गरिएको छैन ।

## १०. मुख्य उपलब्धी

***लैससास परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थाः***
नगरपालिकाले लैससास परीक्षण गर्दा धेरै सूचकहरुमा काम गर्नुपर्ने देखिन्छ । कुल १०० सूचकहरुमा ४७ वटा सूचकमा शतप्रतिशत अंकभार प्राप्त गरेको, ५२ वटा सूचकहरुले पचास प्रतिशत र एउटाले कुनै पनि अंकभार प्राप्त गरेको छैनन् ।




**१०.१ परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेको अंकहरुको लेखाजोखा**

**लैससास परीक्षणमा नगरपालिकाले प्राप्त गरेका मुख्य शीर्षकहरु र उप शीर्षकहरुको नम्बर सम्वन्धी विवरण :**

| मूख्य विषय (सूचक) | कसं. | उपक्षेत्र | पूर्णाक | प्राप्त अंक |
|---|---|---|---|---|
| नीति, कानुन, योजना | १ | नीति कानूनमा समावेशिता, सहभागिता | ८ | ६ |
| | २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ६.५ |
| | ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५ |
| | **जम्मा** | | **२०** | **१५** |
| संस्थागत व्यवस्था | ४ | कर्मचारी पदाधिकारी तथा प्रतिनिधित्व | ४ | ३ |
| | ५ | कार्यप्रणाली समावेशी | ४ | २.५ |
| | ६ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३.५ |
| | ७ | वित्त व्यवस्थापन प्रणालिमा समावेशि | ४ | ३.० |

| मुख्य विषय (सूचक) | कसं. | उपक्षेत्र | पूर्णाक | प्राप्त अंक |
|---|---|---|---|---|
| | ८ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | ३.५ |
| | **जम्मा** | | **२०** | **१५.५** |
| **मानव संसाधन तथा क्षमता विकास** | ९ | मानव संसाधन तथा क्षमता विकास | ८ | ५.५ |
| | १० | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना | ४ | ३.५ |
| | ११ | कानुनी साक्षरता | ४ | २.५ |
| | १२ | विपद व्यवस्थापनामा समावेशिता | ४ | ३ |
| | **जम्मा** | | **२०** | **१४.५** |
| **सेवा प्रवाह** | १३ | पूर्वाधार विकास | ४ | २.५ |
| | १४ | प्रजनन स्वास्थ्य | ४ | ३ |
| | १५ | शिक्षा कार्यक्रम | ४ | ४ |
| | १६ | खानेपानी तथा सरसफाई | ४ | २.५ |
| | १७ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | २ |
| | **जम्मा** | | **२०** | **१४** |
| **सुशासन तथा उत्तरदायित्व** | १८ | सुशासन | ४ | २ |
| | १९ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३ |
| | २० | सूचना तथा संचार | ४ | ३ |
| | २१ | अनुगमन तथा मूल्याङ्कन | ४ | ३ |
| | २२ | समन्वय र सम्बन्ध विस्तार | ४ | ३ |
| | **जम्मा** | | **२०** | **१४** |
| | **कूल जम्मा** | | १०० | ७३ |
| | **नतिजाः** उत्तम | | | |

यसरी हेर्दा सर्वोत्तम, उत्तम, ठिकै र कमजोरमध्ये सुरुङ्गा नगरपालिकाले हासिल गरेको स्वमूल्यांकनको कुल नतिजाका आधारमा ६० अंकभन्दामाथि रहेकोले **यस नतिजालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा उत्तमको स्तरमा लिईएको छ** । प्राप्त सुझावहरुका आधारमा आगामी कार्ययोजनाबाट थप उपलब्धी हासिल गरि यस अवस्थालाई निरन्तरता दिन अग्रसर भईरहनु पर्ने देखिन्छ ।

## १०.२ लैससास परीक्षणको नतिजाको माकुरे जालो

लैससास परीक्षण गरिएको पाँच वटा मुख्य शीर्षकहरुको नतिजालाई तलको माकुरे जालोमा प्रस्तुत गरिएको छ । विभिन्न पाँचवटा मुख्य शीर्षकहरु मध्ये सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्वमा कम र अन्यमा माकुरे जालो थोरै बढी फैलिएको छ ।



यसैगरी २२ वटा उपशीर्षकलाई तलको माकुरे जालोमा प्रस्तुत गरिएको छ ।




साथै सम्पूर्ण सूचकगत कूल अंकभार र प्राप्तांक सम्वन्धी विवरण अनुसूची ५ मा राखिएको छ ।

## १०.३ कर्मचारीहरुको समावेशिताको अवस्था

जनतालाई नजिकबाट सेवा प्रदान गर्दै आईरहेको यस नगरपालिकामा हाल ११० जना कर्मचारीहरु कार्यरत रहेका छन् । कूल कर्मचारी मध्ये ३५ जना महिला कर्मचारी रहेका छन् । कूल कर्मचारीहरुमध्ये ३१.८२ प्रतिशत महिला कर्मचारी रहेकोमा विभिन्न जातजातिका कर्मचारीहरु कार्यरत रहेका छन् । यस नगरपालिकामा कार्यरत कूल कर्मचारीहरुमा १९ जना दलित कर्मचारीहरु कार्यरत रहेका छन् ।

## ११. सुरुङ्गा नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु

| मूल शीर्षक | सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| नीति, कानुन, योजना | • लैंगिक समानता तथा सामाजिक समाबेशीकरण (लैससास) सम्बन्धि बिभिन्न नीति तथा कानुनहरु रहेको ।<br><br>जस्तैः उपभोक्ता समिति गठन परिचालन तथा व्यबस्थापन सम्बन्धी कार्यबिधि २०७८, कोशेली घर संचालन सम्बन्धी कार्यबिधि २०८१, लैंगिक हिंसा निवारण कोष संचालन कार्यबिधि २०७७, सुरुंगा नगरपालिकाको बालविकासको स्थिति पत्र २०८०, सुरुंगा नगरपालिकाको भवन निर्माण मापदण्ड तथा कार्यबिधि २०८१, सुरुगा नगरपालिकाको सहकारी ऐन, लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिक योजना २०८०, सुरुंगा नगरपालिकाको | • लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति र रणनीतिलाई कार्यान्वयनमा जोड ।<br>• लैंगिकमैत्री योजना निर्माण र कार्यान्वयन गरिनुपर्ने ।<br>• नीति र कानुनमा लैंससास सम्बन्धित सवालहरु संयोजन गर्नुपर्ने ।<br>• नीति र कानुनमा समाबेशिताको सिध्दान्त र संघीय एवं प्रादेशिक नीति र कानुनी प्रावधानका मूल मर्मलाई समेटिनुपर्ने । जस्तैः महिलाको ३३ प्रतिशत आरक्षणको सुनिश्चितता, भवन निर्माणको अनुमति दिनु पूर्व अपांगतामैत्री, | • पालिकाले आबश्यक नीति, रणनीति र कानुन निर्माण गर्ने तत्परता लिएको छ ।<br>• नगरको नीति निर्माण र अनुमोदनमा कार्यपालिकाबाट सहयोग हुनु ।<br>• बनेका कानुनहरुको प्रभावकारी ढंगले कार्यान्वयन गर्न श्रोत र दक्ष जनशक्तिको उपलब्धता रहेको छ ।<br>• सुधार गर्नुपर्ने पक्षमा देखिएका कानुन निर्माणका लागि योजना बनाउन सकिन्छ ।<br>• स्थानीय स्तरमा दक्ष जनशक्ति, परामर्शदाता र बिज्ञको उपलब्धता छ ।<br>• कुरीतिजन्य कार्यहरु न्यूनिकरण एवं अन्त्य | • नीति र कानुन अनुसार योजना निर्माण र समयमै कार्यान्वयनमा बिभिन्न समस्या हुने गरेको ।<br>• योजना र कार्यक्रमसंग बजेट अनुकुल नहुनु । योजना राम्रो हुने तर बजेटले एड्रेस नगरिनु ।<br>• जनप्रतिनिधि र कर्मचारीहरुलाई कानुनी प्रावधान, कार्यबिधि र निर्देशिकाहरुबारे पूर्ण अनुशिक्षण नहुनु, यसका लागि बजेट बिनियोजन नहुनु ।<br>• लैससास अन्तर्गतका योजना र पर्याप्त कार्यक्रमहरु नहुनु । |

| | | | | |
|---|---|---|---|---|
| | सार्वजनिक खरीद नियमावली, सुरंगा नगरपालिकाको संस्था दर्ता एन २०७९, सुरंगा नगरपालिकाको शिक्षा नियमावली २०७९, सुरंगा नगरपालिकामा बालविवाहमुक्त अभियान संचालन निर्देशिका २०७९, सुरंगा नगरपालिकाको बालअधिकार तथा संरक्षाण कार्यविधि २०७७, सुरंगा नगरपालिकाको टयूसन र कोचिंग कक्षा संचालन कार्यबिधि २०७९, नगरपालिकाको कार्य संचालन कार्यबिधि २०७८, सुरुंगा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई एन २०७७, सुरुंगा नगरपालिकाको साक्षरता अभियान संचालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यबिधि २०७९, सुरुंगा नगरपालिकाको बालिका तथा समावेशी शिक्षा संजाल गठन तथा | जेष्ठ नागरिकमैत्री हुनुपर्ने सुनिश्चितता गरिनुपर्ने ।<br>• करार जनशक्ति ब्यबस्थापनमा लैंससासको आधारमा सहभागिता सुनिश्चित हुनेगरि ब्यबस्थपान ।<br>• महिला, दलित जेष्ठ नागरिक, अपांगता, बालबालिका लगायत सिमान्तकृत समुदाय लक्षित कार्यबिधि तथा निर्देशिका निर्माण गरिनुपर्ने ।<br>• लैंगिक समानता तथा सामाजिक समाबेशीकरणको मान्यतालाई सबै बिषयगत शाखाहरुले अपनत्व ग्रहण गर्नुपर्ने ।<br>• बालमैत्री स्थानीय शासन कार्यान्वयन गरिनुपर्ने।<br>• लैंगिक फोकल पर्सनको लिखित | गर्ने सवै पक्षको चाहना रहेको ।<br>• लैससास कार्यान्वय र प्रबर्द्धनका लागि पालिका आफैले बजेट बिनियोजन गर्ने र अन्य साझेदार संस्थाहरुसंग समन्वय गर्ने सम्भावना रहन्छ।<br>• आवश्यक देखिएको तर हाल पालिकामा हुन नसकेको कतिपय महत्वपूर्ण नीति, कानुन, कार्यबिधि आदि निर्माण र कार्यान्वयन गर्न सकिन्छ ।<br>• राष्टिय तथा अन्तराष्ट्रिय निकाय संस्थाहरुसंग समन्वय र सहकार्य गर्न सकिने ।<br>• हरेक संस्थागत क्षेत्रमा लैससास अनुरुप प्रतिनिधित्व सुनिश्चित गर्नका लागि नीति र कार्यबिधि बनाउन सकिन्छ । | • बिभिन्न शाखाहरुवीच कार्यगत अन्तरसम्बन्धमा कमी ।<br>• संघीय सरकार, प्रादेशिक सरकारबाट समय समयमा हुने नीति, कार्यबिधि, कानुन, योजनाको बारेमा अपडेट नहुनु ।<br>• बालविवाहऽ बालश्रम दहेज बिरुध्दको पैरवी र रोकथामका लागि अग्रसर हुँदा धम्कीऽ बाधा अवरोध हुने गरेको ।<br>• राजनीतिक आग्रह-पूर्वाग्रह । |

| | | | | |
|---|---|---|---|---|
| | परिचालन कार्यबिधि २०७९, सूचनाको हकको प्रयोग सम्बन्धी एन २०६४ र नियमावली २०६५ अन्तर्गत सूचनाहरु सार्बजनिक गर्ने सम्बन्धी कार्यबिधि, बालअधिकार कार्यबिधि २०७९, स्थानीय पाठ्यक्रम मस्यौदा २०७७ नगर सभा संचालन कार्यबिधि | रुपमा कार्य जिम्मेवारी हुनुपर्ने ।<br>• लैंससास कार्यान्वयनमा उचित बजेटको बिनियोजन र व्यबस्थापन गरिनुपर्ने ।<br>• लैससासलाई केन्द्रित गरि खण्डिकृत तथ्यांक अधावधिक गरिनुपर्ने । | | |
| संस्थागत व्यवस्थापन | • प्रमुख नेतृत्वमा महिला हुनु ।<br>• सबै कार्यक्रमहरुमा कर्मचारी र पदाधिकारीहरुको सहभागिता हुने गरेको ।<br>• कानुनले तोकेको समिति निर्माण भएको र आबश्यक्ता अनुसार बैठक हुने गरेको छ । पदाधिकारीहरु सकृय छन् ।<br>• नगरपालिकाको अधिकांश कार्य प्रणालीमा समावेशी नीति अनुरुप हुने गरेको छ । | • बिभिन्न समिति उपसमितिहरु समाबेशिताका आधारमा पूर्णता दिनुपर्ने।<br>• लैससास बारे सचेतना अभिबृध्दि हुने खालका कार्यक्रमहरु निर्माण गरि कार्यान्वयन गरिनुपर्ने ।<br>• लैससासमैत्री योजना निर्माण र बजेट बिनियोजन गरि कार्यान्वनयमा जोड दिनुपर्ने ।<br>• खण्डिकृत तथ्यांक अध्याबधिक गर्नुपर्ने । | • सक्षम जनप्रतिनिधि र कर्मचारीहरु हुनु । उनीहरुको बिज्ञता र क्षमताको अधिकतम उपयोग गर्न सकिन्छ ।<br>• सबै जनप्रतिनिधि र कर्मचारीलाई संस्थागत र बिषयगत क्षेत्रका कार्यपद्दतीका बारेमा जानकारी गराउन सकिन्छ ।<br>• कार्यक्रमहरुमा हुने सहभागितामा लैंगिक र सामाजिक समावेशीकरणको सुनिश्चितता गरेर सहभागीहरु राख्न सकिन्छ । | • लैगिक र सामाजिक समावेशीकरण नीति अवलम्बन गर्न खोजिएपनि कार्यपालिका सदस्यहरु फरक फरक राजनितिक दल र फरक बिचारका हुँदा निर्णायक अवस्थामा कहिलेकाँही बाधा अवरोध हुनु।<br>• बजेटमा स्वार्थका कारण बैमनस्यता ।<br>• कर्मचारी र पदाधिकारीहरु छनौटमा |

| | | | | |
|---|---|---|---|---|
| | • बजेट निर्माणमा सबै पक्षको सहभागिता छ ।<br>• अधिकांश संस्थागत संरचना र पूर्वाधारहरु निर्माण भएका र कतिपय संरचना निर्माणाधीन रुपमा रहनु । | • नगरपालिकाको तथ्यांकहरुमा सबैको पहुँच हुनेगरि सार्वजनिक गर्नुपर्ने ।<br>• महिला, बालबालिका र उपेक्षित समुदायलाई लक्षित गरी बढी कार्यक्रम बनाउनु पर्ने । | • नगरपालिकामा गठन हुने समिति उपसमितिहरु समाबेशी हुनेगरि निर्माण गर्न सकिन्छ ।<br>• तथ्यांक संकलनका लागि बजेट र जनशक्तिको व्यबस्थापन गर्न सकिन्छ । | व्यक्तिहरुको स्वार्थ बाझिनु ।<br>• यकीन तथ्यांकको अभावमा सही योजना बन्न बनाउन नसकिनु । |
| मानव संसाधन तथा क्षमता विकास | • लैंगिक रुपले महिलाको र मधेशी, जनजाति समुदायका कर्मचारीहरुको समाबेशिता राम्रो रहेको ।<br>• रोजगारीमा समावेशी रुपले कर्मचारी भर्ना गर्ने गरिएको ।<br>• लैंगिक फोकल पर्नस तोकिएको ।<br>• बिषयगत शाखाहरु समाबेशी रुपमा पूर्ण रहेको ।<br>• अनौपचारिक मूल्य मान्यता र हानिकारक परम्परागत मूल्य मान्यता हटाउने | • सबै कर्मचारी र जनप्रतिनिधिहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी क्षमता बिकास कार्यक्रम गरिनु पर्ने ।<br>• रोजगार सम्बन्धी नीति बनाई लैससासमैत्री रोजगार सुनिश्चत गर्नुपर्ने ।<br>• अन्य आबश्यक कानुन निर्माण गरिनु पर्ने ।<br>• सार्वजनिक सूचनामा सबैको पहूँच हुने गरि कार्य गरिनुपर्ने । | • क्षमता बिकास सम्बन्धी तालिम, अभिमुखीकरण, अवलोकन भ्रमण लगायत बिभिन्न कार्यक्रम गर्न सकिने ।<br>• रोजगार सम्बन्धी नीति बनाउनका लागि जनशक्ति र बजेटको व्यबस्थापन ।<br>• अनौपचारिक मूल्यमान्यता र हानिकारक अभ्यासमा सुधार ल्याउने गरि योजना र कार्यक्रम संचालन गर्न सकिने अवसर पालिकामा रहेको । | • लैससासका नीति, कानुनी दस्तावेज सम्बन्धमा समान बुझाइ नहुनु ।<br>• कर्मचारी र जनप्रतिनिधिवीच समान बुझाई नभईदिनु ।<br>• कार्यपालिका बैठकमा प्रस्ताव नजानु वा निर्णय नहुनु ।<br>• भएका निर्णयहरुको कार्यान्वयन नहुनु । |

| | | | | |
|---|---|---|---|---|
| | प्रकृतिका कार्यक्रमहरु संचालन हुने गरेको ।<br>• कानुनी सचेतना सम्बन्धी जानकारीमूलक कार्यक्रम गरिएको ।<br>• बिपद व्यवस्थापन समिति समावेशी रुपमा गठन । | • बिपद व्यबस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता बिकास सम्बन्धी तालिम दिई दक्षता अभिबृध्दि गरिनु पर्ने ।<br>• बिपद व्यबस्थापन समितिले लैंगिक समानता र सामाजिक समाबेशीकरणलाई ध्यान दिनुपर्ने । | • बिभिन्न संघसंस्था र अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरि कानुनी साक्षरता सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने अवसर रहेको छ ।<br>• महिला, दलित र पछाडि पारिएका सिमान्तकृत समुदायलाई सिपमूलक मार्फत स्वरोजगारसंग जोडन सकिने ।<br>• कर्मचारीहरुलाई पनि प्रभावकारी सेवा प्रवाहरुका लागि क्षमता बिकासका तालिम र कार्यक्रम दिइनुपर्ने । | |
| सेवा प्रवाह | • पालिकाको आफ्नै प्रशासकीय भवन निर्माण गर्ने प्रकृयामा रहेको ।<br>• सवै वडामा वडा कार्यालयको भवन | • अधिकांश भवनहरुमा छुट्टै स्तनपानको सुबिधा वा प्रावधान नरहेकोले बनाउनुपर्ने ।<br>• जेष्ठ नागरिकको लागि सहज हुने गरि स्थान | • निर्माण हुने भवनहरुको स्वीकृतीपूर्व लैंगिकमैत्री, बालमैत्री र अपांगमैत्री एवं जेष्ठ नागरिकमैत्री बनाउनुपर्ने गरि | • कार्यपालिका भवन निर्माण गर्न जग्गा व्यबस्थापनमा बिबाद ।<br>• सार्वजनिक सूचनामा सबैको पहूँच हुने गरि कार्य गरिनुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | निर्माण योजनामा रहेको ।<br>• निर्माण हुने भवनहरुमा लैससासमैत्री - लैंगिकमैत्री, अपांगतामैत्री, जेष्ठ नागरिक मैत्री, बालमैत्री आदि)<br>• महिला र अपांगमैत्री बर्थिंग सेन्टर रहेको छ ।<br>• खानेपानी सरसफाई सम्बन्धी कार्यबिधि र सो अनुसारको समिति रहेको ।<br>• स्वच्छ खानेपानीको व्यबस्था रहेको ।<br>• महिला, दलित, जनजाति र पछाडि पारिएका सिमान्तकृत समुदायको स्वरोजगार अभिबृद्धि गर्न सिपमूलक तालिमहरु संचालन गरिएको ।<br>• सरकारी अस्पतालबाट प्रजनन सम्बन्धी सेवा प्रभाव भईरहेको । | र बाताबरण नभएकोले सो अनुकुल बनाउनुपर्ने ।<br>• बालमैत्री संरचना - शौचालय, पिउने पानीको धारा, बस्ने ठाउँहरु आदि) र प्रविधिहरु निर्माण गर्नुपर्ने ।<br>• जेष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरुको अधिकार सुनिश्चित हुने गरि कानुन र संयन्त्र निर्माण गरिनुपर्ने ।<br>• स्वरोजगार सृजना गरि उत्पादन हुने सामग्री बिक्री बितरणको सुनिश्चितता गर्नको लागि स्थानीय बजारलाई प्रबर्द्धन गरि गर्नुपर्ने ।<br>• अस्पतालमा आधुनिक प्रबिधिमैत्री संरचना बनाउनु पर्ने । | कानुनी प्राबधान अबलम्बन गर्न सकिने ।<br>• बजारीकरण र उचित बजार ब्यबस्थापनका लागि उचित योजना बनाउन सकिने ।<br>• श्रोत र साधनको व्यबस्थापन गर्न सकिने ।<br>• हेल्प डेस्कको स्थापना गरी महिला, दलित र सिमान्तकृत समुदायलाई सेवा प्रवाहमा प्रभावकारी बनाउन सकिने ।<br>• स्थानीय शिक्षित महिलाहरुलाई प्रविधिमा जोडनका लागि आईटी र कम्प्यूट प्रबिधि त्यसैगरि लोकसेवा मार्फत रोजगारमा पहूँच अभिबृद्धिका लागि लोकसेवा कक्षा जस्ता सिप प्रबर्द्धनका कार्यहरु गरिनुपर्ने । | • शाखाको बजेट अन्यत्र रकमान्तर भईदिदा लक्ष र योजना अनुसार क्षमता अभिबृध्दि र जनचेतनाका कार्यक्रमहरु संचालन गर्न चूनौती रहेको ।<br>• बजेटमा राजनीतिक हस्तक्षेप र बिरोध हुनु । |

| | | | | |
|---|---|---|---|---|
| | • बिधालयका किशोरीहरुका लागि सेनेटरी प्याड निशुल्क उपलब्धता । | | | |
| सुशासन तथा उत्तरदायित्व | • नगरपालिकामा सुशासन समिति गठन भएको छ ।<br>• नगरपालिकाबाट सवै सूचनाहरु अनलाईन मार्फत वा वेवसाइट मार्फत सार्वजनिक हुने गरेको छ ।<br>• सूचना अधिकारीको ब्यवस्था गरिएको छ ।<br>• शाखा प्रमुखहरुले आफ्नो पदिय भूमिका अनुसार उत्तरदायित्व निर्वाह गरेका छन् ।<br>• आयोजनाहरु सम्पन्न भईसकेपछि अनुगमन समिति मार्फत योजनाको अनुगमन तथा मूल्यांकन हुने गरेको छ ।<br>• कार्यपालिका सदस्य र कर्मचारी प्रशासनवीच समन्वय हुने गरेको छ । | • नगरपालिकाको हरेक कार्यहरु स्थानीय पत्रपत्रिकामा समेत सार्वजनिक गर्नुपर्ने।<br>• बिषय बिज्ञ र बिज्ञ परामर्शकर्तामार्फत समय समयमा सवल पक्ष, कमजोर पक्ष, अवसर र चूनौतीका बारेमा छलफल र सहजीकरण हुनुपर्ने।<br>• समिति र उपसमिति एवं शाखालाई जिम्मेवारी दिदा लिखित अख्तियारी दिनुपर्ने ।<br>• समुदायसम्म सूचनामा पहुँचका लागि वडा समिति र समितिको कार्यालय मार्फत टोलस्तरमा सूचना बोर्ड राख्दा राम्रो हुने । | • नागरिकले स्थानीय सरकारको हरेक गतिबिधि सहज रुपले थाहा पाउन सकुन भन्नका लागि सूचना प्रबिधिलाई अझ प्रभावकारी बनाउन सकिने ।<br>• लिखित रुपमा जिम्मेवारी दिईदा उत्तरदायित्व र जवाफदेहिता प्रभावकारी हुने भएकोले लिखित अख्तियारी दिन सकिने ।<br>• सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण९ जेसी अडिट जस्ता प्रक्रियागत कार्यपद्धतिमा महिला, दलित, सिमान्तकृत समुदाय, जनजाति, मुश्लिम, अपांगता | • राजनीतिक द्वन्द्व र भागबण्डामा राजनीतिक दल सक्रिय हुनु ।<br>• प्रक्रियागत प्रावधान अबलम्बन गरेर काम गर्नुपर्ने हुँदा समयमा काम सम्पन्न गर्न अप्ठयारो हुने ।<br>• उपभोक्ता समितिहरुले बढी राजनीतिक दवाव सृजना गर्ने ।<br>• भागबण्डाको कुरा बढी हुने हुँदा सुशासन र उत्तरदायित्वमा एक चुनौती सृजना हुने । |

| | | | | |
|---|---|---|---|---|
